रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली मोरङ

प्रथम पटक प्रकाशित: २०८१/४/०३

# सुरक्षा गार्ड आपुर्ति सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

यस अस्पतालद्धारा सुरक्षा गार्ड आपुर्ति सम्बन्धी कार्य सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ (१) बमोजीम शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त र सम्बन्धित प्रशासन र प्रहरी कार्यालयबाट सुरक्षा सम्बन्धी कार्य गर्ने ईजाजत पत्र कर चुक्ता प्रमाण समेत संलग्न गरी इच्छुक व्यवसायीहरूबाट तोकिएको शर्त र नियमको अधिनमा रही शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ (१) र ९५ (१) बमोजिम तोकिएका शर्त र सम्पूर्ण बिवरण सहितको संरचना, रंगेली नगरपालिकाको कार्यालयमा प्रकाशन गरिएको छ। साथै यस नगरपालिकाको आधिकारीक वेब साइट www.rangelimun.gov.np मा समेत प्रकाशन गरिएकोले सोबाट समेत हेर्न सकिने छ । अतः सोही सूचना का शर्तहरू अनुसार यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म दरभाउपत्र खरिद गरि १६ दिनको १२ बजे भित्रै यस रंगेली अस्पतालमा शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धीत सबैको जानकारीका लागि अनुरोध गरिन्छ ।

मे सु

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली मोरङ

## सुरक्षा गार्ड आपूर्ति सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित : २०८१/०४।०३

यस अस्पतालद्वारा सुरक्षा गार्ड आपूर्ति सम्बन्धी कार्य शिलबन्दी दरभाउपत्रद्वारा गराउनुपर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त र सम्बन्धित प्रशासन र प्रहरी कार्यालयबाट सुरक्षा सम्बन्धी कार्य गर्ने ईजाजत पत्र कर चुक्ता प्रमाणसमेत संलग्न गरी इच्छुक व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

तपशिल

१ दरभाउपत्र प्रथम पटक प्रकशित भएको मितिले १५ दिनभित्र चालु आ.व.को लागि नविकरण भएको इजाजतपत्र आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको भनी लिखितरूपमा स्वघोषणापत्र साथमा दरभाउपत्र खरिद दस्तुर वापत रू.१०००।०० (फिर्ता नहुने गरी) निम्न बमोजीम राजश्व खातामा जम्मा गरेको सक्कल भौचर पेश गरि दरभाउपत्र यस अस्पतालको शाखावाट खरिद गर्न सकिनेछ ।

आन्तरिक राजश्व खाता न ०६०१४०११५०२५७०११ रंगेली नगरपिलका कृषी वकास बैक

२ खरिद भएको दरभाउपत्रमा सबै विवरणहरू भरी व्यवसायीले सहीछाप गरी शिलबन्दी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको विवरण (सुरक्षा गार्ड आपुर्ति सम्बन्धी शिलबन्दी दरभाउपत्र उल्लेख गरी सि.नं. १ मा र दरभाउपत्रमा उल्लेख भएका योग्यताका प्रमाणहरूको प्रमाणित फोटोकपि सम्लग्न गरी १६ औं दिनको १२.०० वजेभित्र यस अस्पतालमा दर्ता गराई पेश गर्नु पर्ने छ ।दर्ता भएका दरभाउपत्रहरू सोही दिनको २.०० बजे यसै अस्पतालमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३ एक पटक पेश भएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

४ दरभाउपत्र साथ जमानत वापतको रकम रू. ५००००।०० (अक्षरेपी पचास हजार कृषि विकास बैंक रंगेली स्थित धरौटी खाता नं. ०६०१४०११५०२५७०७९ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त 'क' वर्गका वाणिज्य वैंकहरुवाट सोही रकम नाममा जारी गरिएको दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनबाट ७५ दिनको मान्य अवधि भएको बैक ग्यारेन्टीपत्र (विडंवन्ड) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

CamScanner

५ दरभाउपत्र स्वीकृत भएपछि सम्झौता अंकको ५% ले हुन आउने रकम बराबरको नगद भौचर वा सो बराबरको कम्तिमा १३ महिना म्याद भएको परफरमेन्स बन्ड पेश गर्नुपर्नेछ र दरभाउपत्र शर्तरहित केरमेट नभएको हुनुपर्नेछ ।म्याद नाघि सहीछाप नभइ अएको दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन ।

६ दरभाउपत्रमा मू.अ.कर बाहेकको इकाई दररेट उल्लेख गर्नुपर्नेछ । इकाई दररेट अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईनेछ । साथै दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै कार्यालय खुलेको सोही समयमा हुनेछ ।

७ जुन फर्मको नामबाट दरभाउपत्र खरिद भएको हो सोही फर्मको नामबाट दरभाउपत्र दाखिला गर्नु पर्ने छ । यस विपरित भएमा दरभाउपत्र स्वतः रद्द हुनेछ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८ दर्ता भई यस अस्पतालमा पेश भएको शिलवन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

## न्युनतम योग्यताः

क सुरक्षा गार्ड' आपूर्तिको कार्य घटीमा विगत ३ वर्षदेखि निरन्तर गरिरहेको कार्य अनुभव अनिवार्यरूपमा पेश गर्नु पर्नेछ ।

ख सुरक्षा गार्डहरू नेपाली सेना, स. प्रहरी, नेपाल प्रहरी बाट कुनै बात कसुर नलागी सेवा निवृत्त भएको वा सुरक्षा गार्डको रूपमा घटीमा ५ वर्ष कार्य गरेको अनुभव भएका तथा सुरक्षा गार्डको उमेर २५ वर्ष पुरा भई ५० बर्ष ननाघेको शारीरिक र मानसिकरूपमा ठीक तन्दुरूस्त भएको हुनु पर्नेछ ।

ग सुरक्षा गार्डको मौसम अनुसारको पोशाक र सुरक्षा साधनहरू (हतियार, आदि) सेवा आपूर्तिकर्ताले नै उपलब्ध गराउनु पर्नेछ ।

## प्राथमिकताः

क सेवा आपूर्तिकर्ता संस्थाले घटीमा ३ वर्षसम्म नेपाल अधिराज्य भरिका कुनै पनि सरकारी, कार्यालय, मा सेवा प्रदान गरिएको अनुभव भएको

ख सेवा आपूर्तिकर्ता संस्थाले सरकारी र गैर सरकारी निकायहरूमा घटीमा ५० जना सुरक्षा गार्ड विगत ३ वर्षदेखि निरन्तर सफलतापूर्वक परिचालन गरेको ।

| सि. नं. | कार्य विवरण | लागत अनुमान | दरभाउपत्र जमानत धरौटी वा (विडबन्ड) रू. |
|---|---|---|---|
| १. | सुरक्षागार्ड आपूर्ति सम्वन्धी कार्य (दैनिक ७ जना) सुरक्षा सम्वन्धी कार्य २४ सै घण्टा | १७,२२,०००।०० (मू.अ. कर सहित) | ५०,०००।०० |

रंगेली अस्पताल
रंगेली,मोरङ
कोशी प्रदेश,नेपाल

CamScanner

रंगेली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रंगेली अस्पताल

रंगेली मोरङ

सुरक्षागार्ड आपूर्ति सम्बन्धि सेवा, शर्त, सुविधा र स्पेशिफिकेशन

१ आपूर्तिकर्ता फर्म, संस्थाले घटीमा ३ वर्ष देखी सरकारी वा गैर सरकारी निकायहरूमा घटीमा २० जना सुरक्षा गार्ड निरन्तर आपूर्ति गरि सुरक्षागार्डहरू सफलतापूर्वक परिचालन गरिरहेको प्रमाणवाट न्यूनतम योग्यता निर्धारण गरिने हुँदा सो को प्रमाण अनिवार्य रूपले पेश गर्नु पर्नेछ।

२. सुरक्षागार्डको रूपमा खटाईने व्यक्ति नेपाली नागरिक हुनुपर्नेछ । नेपाल प्रहरी, नेपालीसेना वाट कुनै वातकर नलागी अवकाशका भू.पु.बा सेना वा घटीमा ५ पाच वर्ष सम्म सरकारी वा गैर सरकारी निकायमा सफलता पूर्वक सुरक्षागार्डको रूपमा कार्य अनुभव भएको वा सुरक्षा गार्डको अनुभव भएको नेपाली नागरिक हुनु पर्नेछ ।

३. सुरक्षागार्डमा खटीने व्यक्ति शारिरिक, मानसिक तन्दुरूस्त, निरोगी दूर दृष्टीभएको आंखा र श्रवण (सुन्ने शक्ति कमजोर नभएको साथै २५ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनु पर्नेछ ।

४. गार्ड आपूर्तिकर्ताले बेला बेलामा आवश्यकता अनुसार सुरक्षा तालिम, आवश्यक स्वीकृत हातहतियार संचार सेट, मेटल डिक्टेटर आदी सुरक्षागार्डलाई मौशम अनुसारको आकर्षक पोशाक सेट (युनिफर्म) उपलव्ध गराउनु पर्नेछ ।

५ सुरक्षा संकट अवस्थामा आपूर्तिकर्ताले प्रहरीसंग समन्वय गरि मजवुत सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ।

६. सुरक्षागार्ड कार्यालय समयमा बिहान ८:०० देखी बेलुका ८:०० सम्म एकजना अनिवार्य रूपले खटाउनु पर्नेछ । पुरुष सुरक्षा गार्डहरूलाई १२-१२ घण्टाको आलो पालो हुने गरि २४ सै घण्टा निरन्तर रूपले कार्य गर्ने गरि कार्यालय समयमा सुरक्षागार्डलाइ आवश्यक हतियार, साधन सहित खटाउनु पर्ने छ

७. आपूर्तिकर्ताले खटाईएका सुरक्षा गार्डहरूलाई नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक भन्दा घटी नहुने गरीकन सुविधा समयमै उपलव्ध गराउन पर्नेछ ।समयमा पारिश्रमिक भुक्तानी नगरिएमा कार्यालयले आवश्यककार्वाही गर्न सक्नेछ ।

८.प्रस्ताव स्वीकृत भई सम्झौता कबुलियतनामा सहिछाप भएको १५ दिनभित्र कार्यालयको सुरक्षामा खटाईने प्रत्येक सुरक्षागार्डको निरोगिताको फोटो र मोवाईल न. सहितको विवरण अनिवार्य रूपले प्रमाणपत्र, तिनपुस्ते खुलेको विवरण, नागरिकताको प्रमाणपत्र र हालसालै खिचेको यस कार्यालयमा आपूर्तिकर्ताले वुझाउनु पर्नेछ ।

९. आपूर्तिकर्ताले अस्पताल तथा कम्पाउण्डको २४ सौ घण्टा ३६५ दिननै पूर्ण सुरक्षाको लागि सार्वजनिक विदाका दिनहरूमा समेत अटुट रूपले सुरक्षादिनु पर्ने छ ।

नगर कार्यपालिका
रंगेली अस्पताल
रंगेली,मोरङ
कोशी प्रदेश,नेपाल

CamScanner

१०. कार्यरत सुरक्षागार्ड कुनै पनि कारणले घाईते, बिरामी वा मृत्यु भएमा सो को जिम्मेवारी कार्यालय हुने छैन ।

११.स्वीकृत दरभाउपत्र, सम्झौतामा तोकिएको ठेक्का रकम र सो मा लाग्ने मु.अ. कर वाहेक अन्यकुनै पनि रकम यस कार्यालयले सुरक्षागार्ड वा आपूर्तिकर्ता संस्थालाई थप रकम भुक्तानी दिइने छैन ।सम्झौता बमोजिमको रकममा प्रचलित नियमानुसार अग्रिम आयकर कट्टा गरि बाकी रकम मात्र भुक्तानी दिईनेछ ।अग्रिम, पेश्की भुक्तानी दिने छैन ।

१२. आपूर्तिकर्ताले यस कार्यालयमा खटीने सुरक्षागार्डहरूको हाजिरी अभिलेख, कस्लाई कुन कुन दिन, कति बजे देखीकति बजेसम्म कुन सिफ्टको डयूटी गर्ने भन्ने डियूटी लिष्ट एक साता अघि यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

१३. काबु बाहिरको परिस्थिती भनी नेपाल प्रहरी र प्रशासनले प्रमाणित गरेको अवस्था बाहेक खटिएका सुरक्षागार्डको लापरबाही, हेलचेक्राई, अनुशासनहिन कार्यबाट भएको क्षती आपूर्तिकर्ताबाट अशुल उपर गरिनेछ ।

१४. आपूर्तिकर्ताले खटाइको गार्डले सन्तोषजनक कार्य नगरेमा, मादकपदार्थ सेवन गरि आएमा वा वारम्बार अनुशासनहिन कार्य गरेमा कार्यालयको अनुरोधमा आपूर्तिकर्ताले त्यस्तो गार्डलाई तत्कालै हटाई अर्को गार्डको यथासमयमा व्यवस्था गर्नु पर्नेछ अन्यथा कार्यालयमा कुनै क्षत्ती भएमा आपूर्तिकर्ता माथिकार्वाही र अशुल उपर गरिनेछ ।

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली,मोरङ
कोशी प्रदेश,नेपाल

CamScanner

रंगेली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रंगेली अस्पताल

रंगेली मोरङ

## सुरक्षा गार्ड सेवा आपूर्ति सम्बन्धि शर्त र आधार पत्र

रंगेली अस्पतालको कम्पाउण्ड र सो भित्र रहेको सम्पूर्ण सरकारी वा गैरसरकारी सम्पत्तीहरू (अस्पताल, आवास, ग्यारेज, गोदाम सवारी पार्किङ्ग, भवनहरू, फुलवारी, लगायत कार्यालयको भौतिक, जिन्सि मालसामानहरू, नगद, अन्य मेशिनरी, फर्निचर, ईलेक्ट्रीक, ईलेक्ट्रोनिक्स तथा कागजपत्रहरू) र कार्यालयहाता भित्र रहेको अवस्थामा अस्पताल कर्मचारी तथा बिरामीहरूको निजी तथा आगन्तुकको सवारी सधानहरू (मोटर गाडी, मोटरसाईकल, साईकल आदि) को सुरक्षा गर्ने र गराउने कार्य गराउन अति आवश्यक भै यस अस्पतालबाट यो सुरक्षा गार्ड सेवा आपूर्ति सम्बन्धि शर्त र आधार पत्र तयार गरि स्वीकृत गरिएको छ ।

यस अस्पतालको निरन्तर रेखदेख गर्ने र सुरक्षा व्यवस्था मजबुत गर्ने, कार्यालयमा आउने सेवाग्राही सहित आगन्तुकहरूको अनुगमन समेतका लागि यसै अस्पतालमा रहेको न्युनतम जनशक्तीबाट सम्भव नभएकोले माथि उल्लेखित सुरक्षा र रेखदेखका साथै अस्पतालको काममा सहज वातावारण तयार गर्न आवश्यक भै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ (२) वमोजिम निम्न शर्त र कार्य योजना सहित को लागत अनुमान समेत तयार गरिएको छ ।

१ सुरक्षा सेवा नेपाल सरकारबाट इजाजत प्राप्त सुरक्षा सम्बन्धी कार्य गर्ने ईजाजत पत्र प्राप्त सुरक्षा सम्बन्धी व्यवसायीहरूबाट मात्र लिइने छ ।

२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) र ९५(१) वमोजिम शिलवन्दी दरभाउपत्रे को माध्यमबाट प्रतिस्पर्धा र खुल्ला आव्हानबाट सेवा खरिद गरिने छ ।

३ क्षेत्रगत शर्त पूरा गरी सबैभन्दा घटी सेवा शुल्क प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सेवा करार सम्झौता गरिने छ ।

४ सेवा करारको अवधि १ बर्षका लागि हुनेछ र सो अवधिमा कुनै मुल्य वृद्धि दिइने छैन ।

५ कार्यालयको सुरक्षा व्यवस्था समयानुकुल वैज्ञानिक तवरले प्रभावकारी व्यवस्था गर्न ७ जना सुरक्षा गार्ड जवान अनिवार्य हुनु पर्ने छ ।

६ सुरक्षागार्ड नेपाली सेना, नेपाल प्रहरी वा शसस्त्र प्रहरी सेवा बाट कुनै वात कुसर नलागी अवकाश भएका वा सुरक्षा तालिम लिई घटीमा ५(पाँच) वर्ष सुरक्षा सेवामा प्रभावकारी कार्य गरेको अनुभवी, उमेर २५ वर्ष पुरा भई ५० वर्ष ननाघेका शारीरिक तथा मानसिक रूपले स्वस्थ्य, ईमान्दार र स्वच्छ छवी भएका सुरक्षा गार्ड मौसम

CamScanner

अनुसारको आकर्षक पोशाक सेट, संचार सेट र आवश्यक यन्त्र, उपकरण तथा हात-हतियार सहित बढीमा १२/१२ घण्टाको ड्युटी आलो पालो हुने गरि २४ सै घण्टा सार्वजनिक बिदाका दिनहरूमा समेत निरन्तर रुपमा मुलगेटमा तैनाथ रही कार्य गर्ने गरि कार्यालय समयमा बिहान ८:०० देखि साझ ८:०० सम्म आलोपालो गर्ने  गरि ४ जना र रात्री समयमा सुरक्षा गार्ड ३ (तिन) गरि ७ जना खटाउनु पर्ने छ ।

७ आवश्यकता अनुसार गेट खोल्ने र बन्द गर्ने कार्यालयमा प्रवेश गर्नेहरूको पहिचान गरि कुनै प्रकारको हात हतियार, अवैध सर सामान, आगजनी हुने, विष्फोटक पदार्थ आदिको प्रवेश रोक्ने, चेक जांच गर्ने, आगन्तुकहरूको अभिलेख राख्ने, शंकास्पद व्यक्तिको प्रवेश निषेध गर्ने, अवस्था हेरि कम्पाउण्डभित्र चारैतर्फ पटक पटक निरिक्षण र निगरानी गर्ने साथै गेटपास बिना कार्यालयको कुनै पनि सरसामानहरू, मेशिनरी औजार, फर्निचर,उपकरणहरू लगायत भौतिक सामानहरू बाहिर लैजान निषेध गर्ने र गेटपास अनुसार चेक जांच गरि अभिलेख राखी लैजान दिने आदी कार्य समेत गर्ने गरि निरन्तर सुरक्षा सजगता अपनाई प्रभावकारी सुरक्षा व्यवस्था चुस्त दुरूस्त मिलाउने प्रमुख कर्तव्य र जिम्मेवारी हुनेछ ।

८ सुरक्षा कार्यमा खटिएका सुरक्षागार्ड निर्दिष्ट समयमा आईपुग्नै पर्ने, ड्युटी समयमा अस्पताल कम्पाउण्ड बाहिर जान सक्नेछैन । आफ्नो ड्युटी समय पश्चात अर्को सुरक्षा गार्डलाई जिम्मेवारी नबुझाई बाहिर जान मिल्ने छैन । सुरक्षा कार्यमा खटिएका सुरक्षाकर्मीले आगन्तुकहरूसंग नम्र र शिष्ट भाषा र व्यवहार प्रदर्शन गर्नु पर्नेछ । मादक पदार्थ, नशालु पदार्थ सेवन गरि ड्युटीमा आएमा, अनुशासनहिन, उच्छृङखल गतिविधी गरेमा, कार्यालयको गोपनियता भङ्ग गरेमा, कर्मचारी वा सेवाग्राही प्रति खराब आचरण र व्यवहार गरेमा, कार्यालयको चल अचल भौतिक सम्पत्तीहरूको क्षती, नोकसानी हने वा आपसी सद्भाव बिथोल्ने, कार्यालयको वातावरणमा प्रतिकुल असर पर्ने कार्यहरू गरेको वा गर्ने प्रयास गरेको खण्डमा कार्यालयले सम्बन्धीत संस्थालाई पत्राचार गरि, मौखिक वा टेलिफोनबाट समेत जानकारी गराएको ३ (तीन) घण्टा भित्र त्यस्ता सुरक्षागार्डलाई भविष्यमा पुनःयस कार्यालयमा नखटाउने गरि तुरून्त कार्य स्थलवाट हटाई तत्कालै अर्को सुरक्षागार्ड खटाउनु पर्नेछ ।

९ यस प्रकारका कार्य गरि सुरक्षागार्डबाट भएको हानी नोक्सानीको सम्पूर्ण जिम्मेवारी र जवाफदेही सेवा संचालन गर्ने संस्था ले लिनु पर्नेछ ।

१० जानाजान लापरबाहीबाट भएको नोक्सानीको क्षतीपूर्ति, हर्जाना सेवा संचालन गर्ने संस्थाले व्यहोर्नु पर्नेछ । समयमै क्षतीपूर्ति नगरी अटेर गरेमा सरकारी बाकी सरह कार्यालयले अशुल गर्नेछ ।

११ सुरक्षासेवा खरिद सम्झौता अवधिमा कार्यालयको सुरक्षा कार्यमा खटिएका सुरक्षागार्ड वा सुरक्षागार्ड आपूर्तिकर्तालि वारम्वार यस कार्यालयको निर्देशन पालना सम्झौतामा तोकिएको भन्दा बढि अन्य थप सुविधा लिन र शुल्क वृद्धि गर्न अनावश्यक नगरमा, ठेक्का दबाब दिने कार्य गरेमा, सुरक्षा कार्य रोक्ने, कामकाजमा अवरोध गर्ने र गराउने कार्य गरि तोकिएको सुरक्षा कार्य सन्तोषजनक तवरले नगरेमा, सम्झौता विपरित कार्य गर्ने वा गराएमा अनुशासनहिन र अनुचित कार्य गरेको मानिने छ र यस्तो कार्य गरे गराएमा कुनै पनि समयमा कार्यालयले लिखित सूचना दिई एकतर्फी निर्णय गरि सम्झौता भंग गर्न सक्ने छ ।

रंगेली अस्पताल
रंगेली,मोरङ
कोशी प्रदेश,नेपाल

CamScanner

१२ कुनै पनि कारणले ठेक्का सम्झौता भंग भै अर्को नया ठेक्का स्वीकृत भई सेवा आपूर्ति नभएसम्म कार्यालयले माग गरेको खण्डमा यसै सुरक्षागार्ड आपूर्तिकर्ताले नै यस सम्झौतामा तोकिएको शुल्कमा थप नहुने गरि निरन्तर सेवा प्रदान गर्नु पर्नेछ ।

१३ काबुभन्दा बाहिरको परिस्थिति आईपरि सम्झौता अनुसारको कार्य गर्न असमर्थ भएमा घटीमा ३० (तीस) दिन अघि कार्यालयलाई लिखित जानकारी दिई अर्को व्यवस्था नभएसम्म निरन्तर सेवा दिनु पर्नेछ र सो ठेक्का तोड्ने कार्यको लागि यथासक्य चाँडै कार्यालयले आवश्यक निर्णय गर्नेछ ।

१४ सुरक्षा कार्यमा खटिने सुरक्षाकर्मीहरूको व्यक्तीगत विवरण फोटो सहित कार्यालयमा पेश गर्नु पर्ने छ सो मध्ये मध्ये को-कस्ले कुन दिन गते महिना को कुन समय देखि कुन समयसम्म ड्युटी गर्ने हो ? प्रत्येक सुरक्षागार्डको नाम, थर, मोवाईल नम्बर सहितको प्रष्ट विवरण यस अस्पतालको प्रसाशन शाखामा अनिवार्य रूपले प्रत्येक महिनाको पहिलो हप्ता भित्र पेश गर्नु पर्नेछ ।

१५ कुनै बेला विशेष परिस्थिति आई परेमा मौजुदा सुरक्षागार्डले मात्र स्थिति नियन्त्रण गर्न नसक्ने अवस्था श्रृजना भएमा नजिकको नेपाल प्रहरी, शसस्त्र प्रहरी र जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरि आवश्यक सहयोग लिई प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने जिम्मेवारी सुरक्षागार्ड आपूर्तिकर्ताको हुने छ । र त्यसको पूर्व जानकारी अस्पताल प्रमुख र प्रसाशन प्रमुखलाई दिनु पर्ने छ ।

१६ कार्यालय वीचको कामकाज र सम्झौता अनुसार अन्य परिआउने कार्यको समन्वयकर्ताको रूपमा निर्देशनालयका प्रसाशन प्रमुख समन्वयकर्ताको रूपमा रहने छन् ।

१७ सम्झौता प्रारम्भ हुंदाको बखत नेपाल सरकारले सुरक्षागार्डको निम्ति तोकिएको न्यूनतम् पारिश्रमिक र सुविधा भन्दा घटी (कम) पारिश्रमिक, सुविधा शुल्क सुरक्षामा खटिने गार्डलाई भुक्तानी गर्न पाईनेछैन । यदि सो भन्दा घटी पारिश्रमिक सुविधा, शुल्क भुक्तनी गरेको वा अत्यावश्यक सुविधाहरू सुरक्षागार्डहरूलाई नदिएको कारणले सुरक्षा कार्य गर्न कठिनाई उत्पन्न भएमा वा कहि कतैबाट उजुरी परि अन्य कानूनी समस्या पर्न आएमा सेवा आपूर्तिकर्ता कै जिम्मेवारी हुनेछ, कार्यालय जिम्मेवार हुनेछैन ।

१८ सेवा आपूर्तिकर्ताले सम्झौता गर्नु अघि राखेको धरौटी रकम, अस्पतालको अधिनमा रहनेछ । यो ठेक्का अवधि वा पछि थप हुने अवधिको समाप्ति पछि वा ठेक्का रद्ध भई ठेक्का समाप्त भएको ६ (छ) महिना पछि कुनै हानी नोक्सानी असूल उपर गर्नु पर्ने भएमा सो अशुल उपर गरि बाकी रकम प्रचलित नियमानुसार एकाउण्ट पेई चेकबाट फिर्ता दिइनेछ ।

१९. सम्झौता करारनामाको म्याद समाप्त भई वा भवितव्य परि विभिन्न कारणले विचमा ठेक्का तोड्ने परिस्थिति सृजना भई ठेक्का म्याद अगावै ठेक्का सम्झौता दुवै पक्ष सहमत भई वा कार्यालयको एकल पक्षबाट ठेक्का सम्झौता भङ्ग गरेमा समेत आपूर्तिकर्ता व्यवयसायीले कुनै प्रकारको थप रकम दावी गर्न पाउने छैन र निर्देशनालबाट त्यस्तो कुनै दावी भुक्तानी गरिने छैन ।

कोशी प्रदेश,नेपाल

२० कार्यालयको तर्फबाट सुरक्षागार्ड लाई आगन्तुक अभिलेख र कार्यालयको मालसामानहरू गेटपासबाट बाहिर लैजाने स्वीकृती अनुसार कुन कस्तो मालसामान कस्ले कुन दिन के उदेश्यले निष्काशन गरेको हो सो को अभिलेख गर्नु पर्ने छ तर पर्ने छ तर सो अभिलेख अस्पतालको तोकिएको अधिकृतको स्वीकृत वेगर कसैलाई दिन वा सम्प्रेषण गर्न पाउने छैन आवश्यक पर्ने रजिष्टर र डटपेन आवश्यकतानुसार कार्यालयले उपलब्ध गराउने छ

२१ कार्यालयको जिन्सि मालसामानहरू निस्काशन गर्ने गेटपास आदेश दिने अधिकार सम्भव (उपलब्ध) भएसम्म अस्पताल प्रमुखको आदेशले वा क्रमशः जिन्सि शाखा प्रमुख वा आर्थिक प्रशासन शाखा प्रमुख वा प्रसाशन प्रमुख वा तोकीएको अधिकारी को आदेशले तैयार भएको गेटपासबाट मात्र सुरक्षागार्डले अभिलेख राखी छाड्नु पर्नेछ ।

२२ खरिदको ठेक्का सम्झौता भए पश्चात पनि बेला बेलामा नेपाल सरकारले वृद्धि गरिएको पारिश्रमिक सुविधा, भत्ता, आदि वमोजिम यो सम्झौतामा तोकिएको ठेक्का वा पछि थप हुने अवधिमा समेत यसमा तोकिएको रकम भन्दा कुनै प्रकारको थप पारिश्रमिक, सेवा, सुविधा दावी गर्न पाउने छैन ।

२३ कार्यालयको सुरक्षा कार्यमा खटिएका सुरक्षागार्डको डयूटीको सिलसिलामा वा बाटोमा कुनै भवितव्य, प्राकृतिक प्रकोप बाट वा हुलदंगा आदि जस्तो कुनैपनि कारणले घाईते वा मृत्यु भएमा सो को जिम्मेवार कार्यालय हुने छैन । सुरक्षागार्डहरू, सेवा आपूर्तिकर्ता सुरक्षागार्डको परिवारलाई अस्पतालले कुनै क्षतिपूर्ति दिईनेछैन । प्रचलित नेपाल कानून अनुसार सुरक्षागार्डहरूको बिमा गराउनु पर्ने वाध्यात्क व्यवस्था भएको खण्डमा आकस्मिक वा दुर्घटना बिमा सेवा आपूर्तिकर्ता ठेकेदारले नै गर्नु पर्नेछ ।

## सुरक्षा गार्डको न्यूनतम योग्यताः

२४ सुरक्षा गार्ड आपूर्तिको कार्य घटीमा विगत ३ वर्ष देखि निरन्तर गरिरहेको कार्य अनुभव भएको ।

२५ सुरक्षा गार्डहरू नेपाली सेना, स. प्रहरी, नेपाल प्रहरीबाट कुनै बात कसूर नलागी सेवा निवृत्त भएको वा सुरक्षा गार्डको रूपमा कार्य गरेको अनुभव भएका हुनुपर्दछ ।

२६ सुरक्षा गार्डको उमेर २५ वर्ष पुरा भई ५० वर्ष ननाघेको शारीरिक र मानसिकरूपमा ठीक तन्दुरूस्त भएको हुनु पर्दछ ।

२७ सुरक्षागार्डको लागि मौसम अनुसारको पोशाक र सुरक्षा साधनहरू (हतियार, आदि) सेवा आपूर्तिकर्ताले नै उपलब्ध गराउनु पर्नेछ ।

२८ सेवा आपूर्तिकर्ता संस्थाले घटीमा ३ वर्षसम्म नेपाल अधिराज्यभरिका कुनै पनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय निकायका कार्यालय वा सार्वजनिक संस्थामा सेवा प्रदान गरिएको अनुभव भएको ।

२९ सेवा आपूर्तिकर्ता संस्थाले सरकारी र गैर सरकारी निकायहरूमा घटीमा ५० जना सुरक्षा गार्ड विगत ३ वर्ष देखि निरन्तर सफलतापूर्वक परिचालन गरेको ।

३० सुरक्षा गार्ड सप्लायर्स कम्पनी वा फर्मको न्युनतम योग्यताः

रंगेली अस्पताल
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

CamScanner

१ सुरक्षा गार्ड आपूर्ति सम्बन्धी कार्य गर्ने कंपनी फर्म वा व्यवसायी नेपाल सरकारवाट सो कार्य गर्न पाउने इजाजत दर्ता भएको फर्म हुनु पर्छ ।सुरक्षा गार्ड आपूर्ति सम्वन्धी कार्य गर्ने कंपनी फर्म गृह मन्त्रालय अन्तरगतका प्रसाशन कार्यालय वा जिल्ला प्रहरी कार्यालयबाट सुरक्षा सम्वन्धी कार्य गर्ने सिफारिश (ईजाजत पत्र) समेत भएको हुनु पर्ने छ । साथै निजको इजाजतपत्र नविकरण भएको हुनु पर्ने छ ।

२. आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्र,

३ आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र

४ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको भनी लिखितरूपमा स्वः घोषणापत्र पेश गरेको ।

३१ सम्झौता ठेक्का कवुलियतनामा उपर कुनै प्रकारको विवाद भएमा रंगेली अस्पताल र रंगेली नगरपालिकाको कार्यालयको निर्णय अन्तीम हुनेछ ।

३२ यस कार्ययोजना लेखिएको या बुदाहरु बाहेकका कुरा (विपय) प्रचलित नेपालका कानून तथा सार्वजनिक खरिद ऐन, नियम तथा सुरक्षा सम्वन्धी ऐन नियम वमोजिम हुनेछ ।

३३ सुरक्षा गार्ड आपूर्ति सम्बन्धी सेवा, सर्त, सुविधा र स्पेशिफिकेशन

१ आपूर्तिकर्ता फर्म, संस्थाले घटीमा ३ वर्षदेखि सरकारी वा गैर सरकारी निकायहरूमा घटीमा २० जना सुरक्षा गार्ड निरन्तर आपूर्ति गरि सुरक्षा गार्डहरू सफलतापूर्वक परिचालन गरिरहेको प्रमाणवाट न्यूनतम योग्यता निर्धारण गरिने हुदा सो को प्रमाण अनिवार्य रूपले पेश गर्नु पर्नेछ ।

२. सुरक्षा गार्डको रूपमा खटाईने व्यक्ति नेपाली नागरिक हुनुपर्नेछ । नेपाल प्रहरी, नेपाली सेना वाट कुनै वात कशुर नलागी अवकाश भएका भु.पु. प्रहरी वा सेना वा घटीमा ५(पाच) वर्ष सम्म सरकारी वा गैर सरकारी निकायमा सफलता पूर्वक सुरक्षा गार्डको रूपमा कार्य अनुभव भएको वा सुरक्षा गार्ड सम्वन्धि अनुभव भएको नेपाली नागरिक हुनु पर्नेछ ।

३. सुरक्षा गार्डमा खटिने व्यक्ति शारीरिक मानसिक तन्दुरूस्त, निरोगी, दुरदृष्टी भएको आँखा र श्रवण (सुन्ने) शक्ति कमजोर नभएको साथै २५ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनु पर्नेछ ।

४. गार्ड आपूर्तिकर्ताले वेला वेलामा आवश्यकता अनुसार सुरक्षा तालिम आवश्यक स्वीकृत हातहतियार, संचार सेट, मेटलडिक्टेटर आदि र सुरक्षागार्डलाई मौसम अनुसारको आकर्षक पोशाक सेट (युनिफर्म) उपलब्ध गराउनु पर्नेछ ।

५ सुरक्षा संकट अवस्थामा आपूर्तिकर्ताले प्रहरीसंग समन्वय गरि मजबुत सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

६. सुरक्षा गार्ड कार्यालय समयमा (बिहान ८:०० देखि सांझ ८:०० सम्म) ४ जना अनिवार्य रूपले हुनेगरी सबै सुरक्षागार्ड समेतलाई १२/१२ घण्टाको आलो पालो हुने गरि २४ सैं घण्टा निरन्तर रूपले कार्य गर्ने गरि आवश्यक हतियार, साधन सहित खटाउनु पर्ने छ ।

नगरपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

CamScanner

७. आपूर्तिकर्तालेः खटाईएका सुरक्षा गार्डहरूलाई नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक भन्दा घटी नहुने गरि सुविधा समयमै उपलब्ध गराउनु पर्नेछ । समयमा पारिश्रमिक भुक्तानी नगरिएमा कार्यालयले आवश्यक कार्यवाही गर्न सक्नेछ ।

८. प्रस्ताव स्वीकृत भई सम्झौता कवुलियतनामा सहिछाप भएको १५ दिन भित्र कार्यालयको सुरक्षामा खटाईने प्रत्येक सुरक्षा गार्डको निरोगिताको प्रमाणपत्र, तिनपुस्ते खुलेको विवरण, नागरिकताको प्रमाणपत्र र हालसालै खिचेको फोटो र मोवाईल नं. सहितको विवरण अनिवार्य रूपले यस कार्यालयमा आपूर्तिकर्ताले बुझाउनु पर्नेछ ।

९ आपूर्तिकर्तालले कार्यालय तथा कम्पाउण्डको २४ सौं घण्टा ३६५ दिननै पूर्ण सुरक्षाको लागि सार्वजनिक विदाका दिनहरूमा समेत अटुट रूपले सुरक्षा दिनु पर्ने छ ।

१०. कार्यरत सुरक्षा गार्ड कुनै पनि कारणले घाईते, बिरामी वा मृत्यु भएमा सो को जिम्मेवारी कार्यालय हुनेछैन।

११ स्वीकृत दरभाऊ पत्र, सम्झौतामा तोकिएको ठेक्का रकम र सो मा लाग्ने मु.अ.कर बाहेक अन्य कुनै पनि रकम यस कार्यालयले सुरक्षा गार्ड वा आपूर्तिकर्ता संस्थालाई थप रकम भुक्तानी दिइने छैन । सम्झौता वमोजिमको रकममा प्रचलित नियमानुसार अग्रिम आयकर कट्टा गरि बाकी रकम मात्र भुक्तानी दिईनेछ । अग्रिम, पेश्की भुक्तानी दिने छैन ।

१२. आपूर्तिकर्तालले यस कार्यालयमा खटिने सुरक्षा गार्डहरूको हाजिरी अभिलेख, कसलाई कुन कुन

दिन, कति बजेदेखि कति बजे सम्म कुन सिफ्टको डयूटी गर्ने भन्ने डयूटी लिष्ट एकसाता अघि यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

१३.काबु बाहिरको परिस्थिति भनी नेपाल प्रहरी र प्रशासनले प्रमाणित गरेको अवस्था बाहेक खटिएका सुरक्षा गार्डको लापरवाही, हेलचेक्राई, अनुशासनहिन कार्यबाट भएको क्षति आपूर्तिकर्ताबाट असुल उपर गरिनेछ ।

१४. आपूर्तिकर्ताले खटाइको गार्डले सन्तोषजनक कार्य नगरेमा, मादकपदार्थ सेवन गरि आएमा वा बारम्वार अनुशासनहीन कार्य गरेमा कार्यालयको अनुरोधमा आपूर्तिकर्ताले त्यस्तो गार्डलाई तत्कालै हटाई अर्को गार्डको यथासमयमा व्यवस्था गर्नु पर्नेछ अन्यथा कार्यालयमा कुनै क्षति भएमा आपूर्तिकर्ता माथि कार्वाही र अशुल उपर गरिनेछ ।

## ३४ बजेट लागत र भुक्तानी प्रकीया

१ स्वीकृत लागत तथा कार्यविवरण अनुसार मु.अ. कर सहित मासिक तवरले सम्झौता अवधिभर रीतपूर्वक भुक्तानी हुनेछ ।

२ सम्झौता अवधिभरी कुनै मुल्य वृद्धि थप हुने छैन ।

३ तोकिएको रकममा कुनै थप शुल्क र सुविधा, विलम्ब शुल्क, नगद वा जिन्सि मालसामानहरू, खाजा खर्च, ओभरटाईम भत्ता, पोशाक भत्ता, चाडपर्व खर्च, औषधि उपचार खर्च, बिमा खर्च आदि भुक्तानी दिईनेछैन ।

नगर कार्यपालिका
रंगेली अस्पताल
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

CS CamScanner

४ प्रत्येक महिना भुक्तानी भएको ७ (सात) दिन भित्र सुरक्षागार्डहरूको मासिक हाजिरी विवरण सहित बिल बिजक कार्यालयको नाममा जारी गर्नु पर्नेछ । कार्यालयले बजेट तथा अन्य आवश्यक व्यवस्था मिलाई सम्झौतामा उल्लेख भए अनुसार तोकिएको रकममा प्रचलित ऐन, नियमानुसार अग्रिम आयकर कट्टा गरि मु.अ.कर थप गरि हुन आउने रकम एकाउण्ट पेई चेक वा सोझै आपुर्तिकर्ताको बैंक खाता मा भुक्तानी गरिनेछ ।

५ सुरक्षागार्डहरूको व्यक्तिगत नाममा कुनै पारिश्रमिक रकम कार्यालयबाट सोझै भुक्तानी हुने छैन ।

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

नेपाल सरकार

CamScanner